# संचारिका
## फिचर सेवा

वर्ष १३, अङ्क ७ असोज/कात्तिक October 2011


नेपालमा लैङ्गिक हिंसा सदियौँदेखि कायम छ। सामान्यतया लैङ्गिक हिंसा भन्नाले लिङ्गको आधारमा हुने हिंसालाई बुझाउँछ। नेपालमा पुरुषभन्दा महिला भएकै कारणले हुने हिंसाको मात्रा अत्यधिक भएका कारणले यहाँ लैङ्गिक हिंसाको कुरा गर्दा महिलामाथिको हिंसाको रूपमा लिने र बुझ्ने गरिएको छ। लैङ्गिक आधारमा हुने हिंसाको सबैभन्दा पुरानो स्वरूप घरेलु हिंसालाई मानिन्छ र घरेलु हिंसाका पनि अनेक रूपहरू छन्। नेपालमा लैङ्गिक हिंसाको न्यूनीकरणका लागि प्रयासको थालनी चन्द्रशमशेरका पालामा (सन् १९२०) सतीप्रथाको उन्मूलनबाट भएको थियो भन्न सकिन्छ। त्यसपछिका दिनहरूमा हिंसाका बदलिँदा स्वरूपसँगै लैङ्गिक हिंसाका विरुद्ध विभिन्न सामाजिक अभियान तथा कानुनी प्रयासहरू जारी छन्।

महिला र सञ्चारको क्षेत्रमा कार्यरत सञ्चारिका समूहले आफ्नो स्थापनाकालदेखि नै लैङ्गिक हिंसाविरुद्धको अभियानलाई महत्वका साथ अगाडि बढाइरहेको छ। यो फिचर सेवा यस अभियानको एउटा हिस्सा हो।

**महिलाको इतिहास मूलतः मौनताको इतिहास हो। हाम्रा धेरै आमा, हज़्रआमाले आफ्माथि भएका अन्यायलाई चुपचाप सहे, हामी यसलाई तोडौँ !!**

# ओझेलमा परेको यो पाटो

**बैतडीकी एक महिलाका श्रीमान् रोजगारको सिलसिलामा विदेशमा रहँदा ती महिलालाई ससुरा र देवरले पटक-पटक बलात्कार गरे । आफ्ना श्रीमान् र माइतीलाई बलात्कार गरेको बताउने भनेपछि ससुरा र देवर मिलेर उनको हत्या गरे र भैंसीगोठमुनि पुरे ।**

✍ **भीम गौतम**

काभ्रेको होक्से गाविसका एक पुरुष हालै रोजगारीका लागि इराक गए । उनकी श्रीमतीको पाँचखालको जिरो किलोमा पसल थियो । श्रीमान् वैदेशिक रोजगारमा गएको थाहा पाएपछि केही आवारा केटाले उनलाई मानसिक तनाव दिन थाले । ५० हजार रुपैयाँ नदिए अन्य केटासँग लागेको भनेर सामाजिक रूपमा बेइज्जत गरिदिन्छौं, इज्जत लुटिदिन्छौं भन्दै राति पसलमा आएर धम्क्याउन थालेपछि उनी अहिले पसलै बेचेर माइतीमा बसिरहेकी छिन् ।

यस्तै, काभ्रेकै फूलबारी गाविसकी एक महिलाका श्रीमान् वैदेशिक रोजगारको सिलसिलामा कुवेतमा छन् । हालै उनी आफ्नै नाता पर्ने फुपूको घरमा गइन् र फर्कदा साँझ परेपछि फुपूका छोरालाई साथ लिएर घर फर्किन् । रात परेकोले फुपूका छोरा पनि भिन्न बसेकी उनकै घरमा बसे । भोलिपल्ट उनका ससुरालगायत आफ्नै परिवारका व्यक्तिले फुपूको छोरासँग लागेको भन्दै जबर्जस्ती उनैलाई जिम्मा लगाइदिए । ती महिला र फुपूका छोराले त्यसको प्रतिवाद गरे तर लोग्ने वैदेशिक रोजगारमा भएकाले पक्कै यो महिलाको नियत ठीक छैन भन्दै जबर्जस्ती भिडाएका थिए । आफ्नै परिवारका मान्छेले जबर्जस्ती गरे पनि दुवैले स्वीकार गरेनन् । पछि महिलाका क्षेत्रमा कार्यरत अभियानकर्ताहरू गाउँ पुगेर बल्लबल्ल ती महिलालाई घरमै बस्ने वातावरण बनाइदिए ।

काभ्रे साँगा गाविसको एक महिलाको अवस्था पनि उस्तै छ । उनका श्रीमान् अमेरिकामा छन् । एकपटक गाउँकै कसैसँग बोलेको आरोपमा उनकै परिवारले त्यही पुरुषसँग सम्बन्ध भएको आरोप लगायो । यस विषयमा प्रहरीमा उजुरी नै पर्‍यो, जसले आरोप लगाएकी थिइन् उनले जिल्ला प्रहरी कार्यालय काभ्रेको महिला सेलमा आफूले लगाएको आरोपको पुष्टि गर्न सकिनन् । तर, परिवारले आरोप लगाउन भने छोडेन । अहिले उनी बल्लबल्ल प्रहरीको रोहवरमा भएको छलफलपछि घरमा बसेकी छिन्, तर व्यवहार राम्रो पाउन सकेकी छैनन् ।

काभ्रेको डाँडापारिस्थित गोकुलेकी एक महिलाका श्रीमान् पनि रोजगारको सिलसिलामा विदेशमा थिए । गाउँकै सेतीदेवी प्राविका शिक्षक नारायण पुलामीले छुट्टै बस्ने उनलाई दैनिक रूपमा रक्सी सेवन गरेर मानसिक तनाव दिन थाले । अन्ततः उनी ती शिक्षकसँग अवैध सम्बन्ध राख्न बाध्य भइन् । उनका श्रीमान् वैदेशिक रोजगारमा गएर फर्केको ११औं दिनको दिन उनले बच्चा जन्माइन् । यो मुद्दा जिल्ला प्रहरी कार्यालयसम्म आइपुग्यो । उनका श्रीमान्ले छोडिहाले, उनीसँग अवैध सम्बन्ध राख्ने पुलामी पनि गत वैशाखदेखि फरार छन् । २० दिन धुलिखेलस्थित सेफ हाउसमा बसेकी उनलाई अहिले साथी संस्थाले सहारा दिइरहेको छ ।

यस्तै, बैतडीकी एक महिलाका श्रीमान् रोजगारको सिलसिलामा विदेशमा रहँदा ती महिलालाई ससुरा र देवरले पटक-पटक बलात्कार गरे । आफ्ना श्रीमान् र माइतीलाई बलात्कार गरेको बताउने भनेपछि ससुरा र देवर मिलेर उनको हत्या गरे र भैंसीगोठमुनि पुरे । पछि माइतीको उजुरीको आधारमा ससुरा र देवर जेल परे । ससुरा त जेलबाट देवरलाई मात्र दोष देखाउँदै छुटेका छन् तर देवर भने अझै जेलमै छन् ।

यी माथिका केही प्रतिनिधि उदाहरण मात्रै हुन् । श्रीमान् वैदेशिक रोजगारमा गएका केही महिलामा आएको विचलनको जोडतोडका साथ प्रचार भए पनि वैदेशिक रोजगारीका लागि श्रीमान् विदेश जाँदा तिनका श्रीमतीले आफन्त र समाजबाट भोग्नुपरेका मानसिक तनावका घटनाहरू भने बाहिर आउन सकेका छैनन् । यस्ता घटना कमै मात्र सार्वजनिक हुने गरेका छन् । समाजमा पछिल्लो समयमा रोजगारीको सिलसिलामा श्रीमान् वैदेशिक रोजगारीमा रहेका महिलाले चौतर्फी मानसिक तनाव भोल्नुपर्ने बाध्यता छ । घरपरिवारदेखि समाजसम्मले नकारात्मक रूपमा हेर्ने गरेका छन् । विशेषगरी यस्ता महिलाले आफन्तजनबाट घर निकालादेखि बलात्कारसम्मको पीडा खप्नुपरेका उदाहरण छन् । 'श्रीमान् विदेश गएको भनेपछि परिवारबाहिरका पुरुषले साह्रै नराम्रो दृष्टिकोणले हेर्दारहेछन्, घरभित्रका आफन्त पनि साह्रै शङ्कालु हुने रहेछन्, श्रीमान् नभएपछि एक्लो महसुस हुने रहेछ,' एक पीडित महिलाले गुनासो पोखिन्, 'कसैसँग बोल्यो भने पनि घर-परिवारले साह्रै तनाव दिन्छन्, बाहिरका केटाहरू पनि फकाउने, धम्क्याउनेसमेत काम गर्छन् ।' उनका अनुसार, परिवारबाटै तनाव दिएपछि कहिले त मन बुझाउन र आफ्नो बह पोख्न बाहिरको मान्छेको सहारा लिँदा झनै फस्ने अवस्था आउने रहेछ । उनी भन्छिन्, 'बिनाकारण हरेक कुरामा बिनाप्रमाण, बिनाआधार आरोप लगाएपछि साह्रै पीडा हुने रहेछ, कतिपयको त हामीजस्तै वैदेशिक रोजगारमा जानेका श्रीमती बाध्य भई अरूसँग जानुपर्ने परिस्थिति पनि परिवारकै सदस्यले बनाइदिने रहेछन् ।' अर्की एक पीडित महिला ( उनकै अनुरोधमा नाम उल्लेख नगरिएको) ले भनिन्, 'छोराले विदेशबाट कमाएको पैसा आफैंले राख्नका लागि पनि कतिपय सासू-ससुराले नियतवश गलत व्यवहार गरेर हतोत्साहित बनाउन खोज्ने रहेछन् ।'

पछिल्लो समयमा श्रीमान् वैदेशिक रोजगारीमा भएका कारण महिला समस्यामा परेका घटना प्रहरीसम्म पनि पुग्ने गरेका छन् । जिल्ला प्रहरी कार्यालय काभ्रेकी महिला सेल प्रमुख कल्पना सापकोटाका अनुसार, गत वर्ष प्रहरीमा दर्ता भएका ७२ घरेलु हिंसाका घटनामध्ये ३० वटा वैदेशिक रोजगारीसँग सम्बन्धित छन् । हालसम्म जिल्ला प्रहरी कार्यालय काभ्रेमा आएका ३३ मुद्दामध्ये ५० प्रतिशतजति त रोजगारीको कारण आएका समस्या छन् । 'कतिपय मुद्दा महिलाका कारण उब्जिएका समस्यामा केन्द्रित छन्, कतिचाहिँ श्रीमान् विदेशिएपछि घर-परिवारबाट हुने अपहेलना, गाउँका र घरकै पुरुषले गर्ने दुर्व्यवहारलगायतका छन्,' सापकोटा भन्छिन् ।

अशिक्षा, जनचेतनाको कमी, महिलाप्रति पुरुषको गलत दृष्टिकोण आदिको कारण पछिल्लो समयमा महिलामाथि हुने हिंसाका घटना बढेको यस क्षेत्रमा सक्रिय अभियानकर्ता बताउँछन् । तामाङ महिला घेदुङले काभ्रेमा सञ्चालन गरेको मानव बेचविखनविरुद्धको कार्यक्रमकी सहजकर्ता गंगा दोङ भन्छिन्, 'अशिक्षा, अज्ञानता, परिवारको दबाब र समाजको डरको कारण धेरै महिलाले समस्या भोगिरहेका छन् । महिला बोल्न डराउँछन्, कुनै आरोप लगाएपछि रोईमात्र रहन्छन्, समाजमा जान्ने-बुझ्नेहरू पनि कसैलाई नचिढ्याउने नाममा मौन बसिदिन्छन् ।' प्रहरीको अनुसन्धान केवल डाक्टरको एकपछि अर्को बिरामीको जाँच परीक्षण गरिएकोजस्तो मात्र भएको उनको आरोप छ । 'प्रहरीका अनुसन्धान पनि महिलामैत्री हुनुपर्छ, मनोवैज्ञानिक तरिकाले गहिराइसम्म पुगेर अनुसन्धान गरे पो न्याय दिन सकिन्छ, खालि मिलाउने र सहमतिको प्रयास मात्र प्रहरीले गर्छ,' उनी भन्छिन् ।

उनको तर्कसँग काभ्रे बार इकाइकै पूर्वअध्यक्ष एवम् जनअधिकार संरक्षण मञ्चद्वारा काभ्रेमा सञ्चालित जनचेतना अभिमुखीकरण कार्यक्रम संयोजक कृष्णप्यारी नकर्मी पनि सहमत छिन् । अञ्चल प्रहरी प्रमुख पशुपति उपाध्यायले भने पीडितले तुरुन्तै न्याय र सेवा पाउनेगरी पीडितमैत्री वातावरणमा काम गर्न प्रहरीका सबै निकायलाई निर्देशन दिइएको बताए । 'कुनै पनि पीडितले तुरुन्तै र साँच्चै न्याय पाउन् भनेर पीडितमैत्री सेवा दिनका लागि निर्देशन दिएको छु,' उनले भने । नकर्मी भन्छिन्, 'प्रहरीले सकेसम्म मिलाउने, नत्र अदालत पठाउने काम मात्र गरिरहेको छ, सरकारले मनोसामाजिक परामर्श तालिम अनिवार्य रूपमा प्रहरीलाई दिएर उनीहरूलाई मनोसामाजिक परामर्शको आधारमा अनुसन्धान गर्न सहयोग पुऱ्याउनुपर्छ ।' वैदेशिक रोजगारीका कारण पछिल्लो समयमा जिल्ला अदालतमा सम्बन्धविच्छेदका घटना बढ्दै गएको पनि उनले बताइन् ।

विदेश जानुअघि श्रीमान्-श्रीमती र परिवारका सदस्यबीच कुनै छलफल नै नगर्ने प्रवृत्ति पनि महिला पीडित हुनुको एउटा कारण हो। विदेश जानुअघि श्रीमान्, श्रीमती, परिवारका सदस्य राखेर छलफल गर्ने र सबै कुरामा स्पष्ट हुने हो भने यस्ता समस्या कम आउन सक्छन्। वैदेशिक रोजगारमा जाने श्रीमतीहरूले तनाव भोग्नु नपरोस् र विदेशिएकाहरूले घरपरिवारलाई राम्रोसँग हेर्ने वातावरण बनोस् भनेर आफूहरूले जनचेतनामूलक कार्यक्रम काभ्रेका गाउँहरूमा गर्न लागेको कुरा तामाङ घेदुङकी सहजकर्ता गंगा दोङले बताइन्। जिम्मेवार परिवार, बुहारीमाथि राम्रो व्यवहार र श्रीमान्को अनुपस्थितिमा परिवारले राम्रो व्यवहार दिन सके कोही महिलाले तनाव भोग्नु नपर्ने र महिला 'बिग्रिएको' देख्नुपर्ने अवस्थाको अन्त्य हुने उनको भनाइ छ।

*साभार : संचारिका फिचर सेवा*

*(भीम काभ्रेका पत्रकार हुन्।)*

# पीडितको मौनताले कानुन कार्यान्वयनमा कठिनाइ

**उनीहरू बेइज्जती खप्न नसकेर पलायन भएका हुन्। 'अपराधका घटनामा समाजबाट मिल्नका लागि दबाब दिइन्छ र पीडितहरू मिल्छन् पनि, त्यस्तो बेलामा न्यायका लागि आवाज उठाउने सङ्घ-संस्थाहरू हेरेकोहेर्‍यै हुन पुग्छन्, कानुनको कुनै मतलबै गरिदैन, अनि कसरी काम गर्न सकिन्छ ?'**

**✍ दुर्गा भण्डारी**

महिलासम्बन्धी अपराधको गाम्भीर्यतालाई ध्यानमा राखेर नेपाल प्रहरीले महिला तथा बालबालिका सेल सञ्चालन गरेको छ। महिला सेल प्रायः सबै जिल्लामा छन् जहाँ महिलाका मुद्दा हेरिन्छ। कतिपय जिल्लामा पीडित महिलाका लागि निःशुल्क कानुनी उपचार र सल्लाहका लागि कानुन व्यवसायीसमेत उपलब्ध गराइएको छ। तर, बलात्कार वा बालिका बलात्कारजस्तो गम्भीर अपराधमा पीडितहरू उजुरी गर्न आउँदैनन्। पीडितले कानुनी उपचारभन्दा अर्कै बाटो रोज्ने गरेका छन्।

०६६ जेठ १४ गते तनहुँको साँगेकी आठ वर्षीया एक बालिकालाई आफ्नै काकाहजुरबा ५५ वर्षीय वृखबहादुर विकले करणी गरेको घटना बाहिर आयो। घरको मामला हो भनेर परिवारले उजुरी नै गरेनन्। उजुरी गर्ने हदम्याद बितिसकेपछि घटना भएको जानकारी बालिकाको अधिकारको क्षेत्रमा काम गर्ने संस्था 'टिमलिडर अर्गनाइजेसन'ले पायो। संस्थाले मुद्दा लडिदिन्छु भन्दा पीडितको आग्रहमा मुद्दा दर्ता गरिएन। कानुनी झमेला हुन्छ, मुद्दा-मामिला गर्दा प्रमाण जुटाउनुपर्ने अप्ठ्यारो पनि त्यत्तिकै छ, घरकै कुरा हो के बाहिर ल्याउनु भने उनीहरूले। बलात्कारका मुद्दामा सर्जिमिन गर्दा समाजले साँचो कुरा नभनिदिने समस्या पनि त्यत्तिकै छ। सबै प्रक्रिया पूरा गरे पनि अनुसन्धानमा लापरबाही र घुसखोरीसमेत हुने गरेको अनुभव अधिवक्ता भगवती पहारीको छ। पीडित पक्ष दोहोरो मारमा पर्ने देखिन्छ। एकातिर समाजमा कथित इज्जतका लागि पछि हट्नुपर्ने, अर्कोतर्फ मुद्दा हारियो भने बेइज्जत हुने र क्षतिपूर्ति पनि नपाइने। समाजमै कुरा मिल्यो भने क्षतिपूर्ति त पाइन्छ भनेर पनि मुद्दा मिलाउन पीडितका आफन्त, प्रहरी, सामुदायिक प्रहरी, राजनीतिक दलहरू तथा तिनका भ्रातृ सङ्गठनहरू र आमा समूहहरूसमेत मिलाउन तत्पर देखिन्छन् र

मिलाएका पनि छन्। उनीहरूले अभियुक्तलाई बिनाछानबिन सफाइ दिन्छन्। जसले गर्दा जे गरे पनि हुन्छ, कानुनबाट दण्डित हुनुपर्दैन भन्ने संस्कार विकास भएको छ। जुन अधिकार उनीहरूलाई कानुनले दिएकै छैन।

तीन वर्षअघि लेखनाथ- १२ लामेआहालका ३८ वर्षीय होमनाथ लामिछानेले त्यही ठाउँकी आठ वर्षीया बालिकालाई जबर्जस्ती करणी गरेको घटना बाल क्लबका एकजना बालकले सार्वजनिक गरेका थिए। त्यो घटनाको पनि प्रहरीमा उजुरी भएन। पीडितहरूले सात लाख रुपैयाँमा कुरा मिलाए। मिलाउनेमा राजनीतिक दलका स्थानीय नेता र आमा समूहका प्रतिनिधि थिए।

पोखरा बगरमा एम टु एम पुस्तक पसलका सञ्चालक दुर्गादत्त पोखरेलले आफ्नै घरमा काम गर्ने घरेलु कामदारलाई बलात्कार गरेको भनी ०६६ असार ६ गते जिल्ला प्रहरी कार्यालयको महिला सेलमा उजुरी परेको थियो। तर, बालिकाको मुद्दा लड्ने अवस्था छैन भनेर जिल्ला बाल कल्याण समितिले सो मुद्दा ६ लाख रुपैयाँमा टुङ्ग्यायो। बालिकाले ६ लाख पाइन् भने प्रहरी र सरकारी वकिलका लागि अभियुक्तले प्रशस्तै पैसा खर्च गरेको चर्चा त्यतिबेला व्याप्त थियो। ०६५ माघ ७ गते लक्ष्मी आवासीय मावि लेखनाथका शिक्षक शङ्कर भुजेलविरुद्ध आफ्नै छात्रालाई बलात्कार गरेको अभियोगमा जिल्ला प्रहरी कार्यालय कास्कीमा मुद्दा परेको थियो। अभियुक्तको बयान लिइसकिएको थियो। मुद्दा अदालतमा जाने तयारीमा थियो। अभियुक्त, सरकारी वकिल र पीडितबीच गोप्य सम्झौता भयो। जिल्ला न्यायाधिवक्ताले आफूले पाएको कानुनी अधिकारको प्रयोग गर्दै मुद्दा फिर्ता गराए। चार लाख रुपैयाँ पीडितलाई दिने सर्तमा मुद्दा फिर्ता गराइयो। सरकारी वकिल र प्रहरीलाई त्यसबापत के मिल्यो भन्ने अनुमान गर्न सकिन्छ तर अपराधीमाथि कुनै कारबाही भएन। यस घटनापछि पीडितको परिवार नै बसाइँ सरेर चितवन गयो। उनीहरू बेइज्जती खप्न नसकेर पलायन भएका हुन्। 'अपराधका घटनामा समाजबाट मिल्नका लागि दबाब दिइन्छ र पीडितहरू मिल्छन् पनि, त्यस्तो बेलामा न्यायका लागि आवाज उठाउने सङ्घ-संस्थाहरू हेरेकोहेऱ्यै हुन पुग्छन्, कानुनको कुनै मतलबै गरिँदैन, अनि कसरी काम गर्न सकिन्छ ?' टिम अर्गनाइजेसन (टोली) का कार्यक्रम संयोजक लक्ष्मण श्रेष्ठ भन्छन्।

पोखराको रामबजारमा हालसालै भएको एउटा घटनामा पनि न्याय ओझेलमा पऱ्यो। अनधिकृत रूपमा सञ्चालन भएको बेनामको बालगृहमा एक बालिकालाई बलात्कार गर्ने प्रयास गर्दा बालिकाले होहल्ला गरेकी थिइन्। बालगृहका सञ्चालक रमेश थापाले घटनालाई बाहिर नल्याउनका लागि कुटपिट गरेको समाचार पत्रपत्रिकामा आयो तर किन कुटपिट गरियो भन्ने कुरा सार्वजनिक भएन। पीडित पक्षले डराएर यस घटनालाई सार्वजनिक गर्न चाहेनन्। पीडित न्यायका लागि प्रहरीसम्म पुगेनन्। त्यहीँको एक उमाविमा कक्षा आठमा पढ्दै गरेकी १३ वर्षीया बालिकालाई थापादम्पतीले कुटपिट गरेको कुरा बालिकाले बताइन्। उनीहरूको कुटाइबाट उनी बेहोस भएकी थिइन्। उनलाई टाउकोमा चोट लागेको थियो। रमेशले उनलाई रक्सी खाएर लात्तले पिटेको कुरा पीडितले बताइन्। ती बालिकाले भनिन्, 'मलाई रमेशसरले रक्सी खाएर ढोका थुनेर लात्तले हान्नुभयो, पहिला पनि साथीहरूलाई यस्तैगरी कुटपिट गरिरहनुहुन्थ्यो।' उनकी आमा ज्याला-मजदुरी गरेर गुजारा गर्छिन् भने बाबु कारागारमा छन्। उनीहरूका दुई छोराछोरी रमेशको बालगृमा बस्दै आएका थिए। उनीहरूलगायत बालगृहमा चारजना अन्य बालबालिका बस्दै आएका छन्। कारागारमा रहेका बन्दीका छोराछोरीलाई विदेशीको सहयोगमा उनले पढाउँदै आएको भए पनि आफ्नै खर्चमा पढाएको दाबी उनको छ। उनले बालिका स्कुल जान नमानेपछि पिटेको हो भनेका छन् तर स्कुल जान नमान्दा त्यसरी पिट्नुपर्ने कारण भने देखिँदैन।

महिलासम्बन्धी भएका अपराध, यौनजन्य हिंसा र अपराधमा कानुनी सहयोग पुऱ्याउने उद्देश्यले महिला तथा बालबालिका सेल सञ्चालन गरेको भए पनि महिला सेलमा आएका यस्ता प्रकृतिका कतिपय मुद्दामा प्रहरीबाटै मेलमिलापका लागि आग्रह गरिन्छ। अझ पीडित आर्थिक रूपले कमजोर छन् भने समाजमै आमा समूह र राजनीतिक दलहरूले मिलाउने गर्छन्। कुनै पनि प्रकारको आपराधिक कार्यमा कानुनद्वारा दण्डित हुनुपर्नेमा केही पैसा खर्च गरेपछि दोषीले सजिलै उन्मुक्ति पाउँछन् भन्ने संस्कारको विकास हुँदै गएको छ। यही अवस्था कायम रहेमा कानुनको

कार्यान्वयन पूरा गर्न नसकिने प्रकारको सरकारी लक्ष्य मात्रै हुनेछ। बलात्कार, मानव बेचबिखन, घरेलु हिंसाजस्ता अपराधमा भएका कानुनको कार्यान्वयन गरी यस्ता मुद्दामा दण्डहीनताको अन्त्य आवश्यक छ।

*साभार : संचारिका फिचर सेवा*

*(दुर्गा पोखराबाट प्रकाशित हुने साप्ताहिककी सम्पादक हुन् ।)*

# घट्दै छ बालविवाह

**पहिला-पहिला विवाह गर्नासाथ पढाइ छोडे पनि अहिले भूमेदेवी माविमा अध्ययनरत पाच विवाहित विद्यार्थी जोडी नियमित विद्यालय गइरहेका छन् । उनीहरूले विद्यालय तहको अध्ययन नसकेसम्म गर्भवती नहुने योजना पनि बनाएका छन् ।**

**✍ हेमनाथ खतिवडा**

बालविवाहविरुद्ध लहरेपौवा- ९ की उजेली अधिकारीले उजेली फिल्ममा अभिनय गरिन्। फिल्ममा सानै उमेरमा अभिभावकले विवाह गरिदिने पुरानो चलनले दश वर्षकी उजेलीको सोही गाविस १ का १४ वर्षीय शशि लम्सालसँग विवाह छिनिन्छ। स्कुल पढ्ने सहपाठीले उजेलीको बिहे आयो त भनेर जिस्क्याउन थालेपछि उनी स्कुल जान छोड्छिन् र उनको बिहे हुन्छ। उजेलीको बिहेले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चर्चा पायो। फिल्म निर्माणका सहयोगी स्थानीय अर्जुन अधिकारीका अनुसार, रजस्वला नहुँदै कन्यादान गर्दा पुन्य मिल्छ भन्ने रुढीवादी सोचका कारण गाउँमा सानै उमेरमा विवाह हुने र बच्चा जन्माउन नसकेर धेरैको ज्यान जाने गरेको थियो। अहिले लहरेपौवा र आसपासका गाउँमा बालविवाहमा कमी आएको छ।

नुवाकोटको फिकुरी गाविसकी देउती न्यौपानेको ११ वर्षको उमेरमा विवाह भयो। उनलाई आफ्नै विवाहको अहिले राम्ररी हेक्का छैन। रसुवाको डाँडागाउँ गाविस २ की ईश्वरी पौडेल ६ कक्षामा पढ्दै विवाहबन्धनमा बाँधिइन्। महिनावारी सुरु नहुँदै विवाह गरिदिए पुन्य मिल्ने आशामा रसुवा र नुवाकोटका गाउँमा बालविवाह हुने गर्थ्यो। 'नगरौँ बिहेको कुरा भएको छैन बीस वर्ष पूरा' भन्ने नाराका साथ सोलिड नेपालले रसुवा र नुवाकोटको विभिन्न समुदायमा सञ्चालन गरेको किशोर-किशोरी सचेतीकरण कार्यक्रमले गाउँमा राम्रो जागरण ल्याएको धैबुङ गाविस ५ की ईश्वरी न्यौपानेले बताइन्। संस्थाले रसुवा, नुवाकोट, दोलखा, सिन्धुपाल्चोक र ललितपुरमा सानो उमेरमा हुने विवाह र गर्भधारण रोकी किशोर-किशारीहरूको यौन तथा प्रजनन स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गरिरहेको छ। नेपाल राष्ट्रिय माविका शिक्षक खेमनारायण पौडेलका अनुसार, उक्त विद्यालयमा अध्ययनरत विवाहित छात्रछात्रामध्ये केहीले अध्ययनलाई निरन्तरता दिए पनि धेरैले विवाहपछि लजाएर विद्यालय छाड्ने गरेका थिए, अहिले भने बालविवाहमा निकै कमी आएको छ। चाँडो विवाहका कारण पढाइ बीचमै छुटाउँदा धेरैलाई पछुतो पनि भएको छ। तामाङ समुदायमा विद्यालय तहमा अध्ययन गर्दागर्दै घेवा र छेवरमा ख्यालख्यालमा विवाह गर्ने चलन रहेको स्थानीयवासी बताउँछन्। कम उमेरमा विवाह गर्ने प्रचलनले महिला शिक्षा र आर्थिक विकासमा अघि बढ्न सकेका छैनन्। बिहे गरेपछि लाजले स्कुल छाड्नेहरू गाउँघरमा प्रशस्त छन्।

रसुवाको विकट तामाङबस्ती यार्सा गाविसकी सोममाया तामाङ १४ वर्षको उमेरमा आमा बनिन्। त्यसको असर उनमा अहिले देखिएको छ। सुत्केरी अवस्थामा कडा परिश्रम गर्नुपरेको र पोषणको कमीले उनको पाठेघर खसेको छ। 'लाजले रोग लुकाएर राख्दा अहिले समस्या भएको छ, आर्थिक अवस्था कमजोर भएकै कारण उपचार गर्न सकिएन,' उनले बताइन्।

एक अध्ययनअनुसार, नेपालमा सयजनामा ५६ जना बालबालिकाको १८ वर्ष नपुग्दै विवाह भइसकेको हुन्छ भने सयजनामा ४१ जनाले १९

वर्षभित्र बच्चा जन्माउने गरेका छन् । सहस्राब्दी विकासका आठ लक्ष्यमध्ये बाल र मातृमृत्युदर घटाउनेजस्ता मुख्य लक्ष्य हासिल गर्न बालविवाह मुख्य चुनौतीको रूपमा रहेको छ । कम उमेरमा विवाह गरेका कारण बच्चा जन्माउन नसकेर मृत्यु हुनेको सङ्ख्या पनि रसुवा र नुवाकोटमा धेरै छ । कलिलो उमेरमा बच्चा जन्माउँदा आमा र बच्चा दुवैको स्वास्थ्यमा खतरा हुने भएकोले विवाह गर्ने उमेरबारे जनचेतना जगाउनु आवश्यक छ ।

स्वास्थ्य तथा जनसङ्ख्या सर्वेक्षणले विवाह भएका किशोरीमध्ये १६ प्रतिशतले मात्र परिवार नियोजनको अस्थायी साधनको प्रयोग गरेको देखाएको छ । यसरी कम उमेरमा विवाह गर्दाको अत्यधिक असर स्वास्थ्यपछि शिक्षामा पर्ने गरेको छ । नेपालमा ६ वर्षमाथिको साक्षरता दर ६३ प्रतिशत र १५ वर्षमाथिको साक्षरता दर ५२ प्रतिशत छ । यसले प्रस्ट देखाउँछ कि उच्च शिक्षासम्म आइपुग्दा किशोर-किशारीको सङ्ख्या ज्यादै न्यून हुन्छ । यसको एउटा कारण बालविवाह पनि हो । साक्षरता बढाउन विद्यार्थी भर्नादर वृद्धिका लागि सरकारले वर्षेनी गरेको प्रयास पनि पर्याप्त देखिँदैन । एक कक्षामा भर्ना भएका बालबालिकामध्ये मुस्किलले तीस प्रतिशत पनि दश कक्षामा नपुग्ने गरेको शिक्षा विभागको तथ्याङ्कले पुष्टि गरेको छ । शिक्षा विभागको प्रतिवेदन २०५८ मा एक कक्षामा १३ लाख ३३ हजार ५५ जना विद्यार्थी भर्ना भएकोमा दश कक्षासम्म पुग्दा त्यो सङ्ख्या घटेर तीन लाख ७८ हजार सात सय ३३ पुगेको थियो । यस तथ्याङ्कलाई आधार मान्दा झन्डै दश लाख विद्यार्थीले बीचमा पढाइ छाड्ने गरेको देखाउँछ । विवाह गरेर विद्यालय छाड्ने र विद्यालय छाडेर विवाह गर्नेको सङ्ख्या पनि निकै छ ।

'बालविवाह मात्रै रोक्न सके सहस्राब्दी लक्ष्य प्राप्तिमा ठूलो योगदान हुन्छ,' सोलिड नेपालका कार्यकारी निर्देशक डा. खेम कार्की बताउँछन् । 'सानो उमेरको विवाहले महिलालाई पछाडि धकेलेको छ । महिलाको समग्र विकास नहुन्जेल देशको विकास सम्भव छैन । त्यसैकारण हामी यो अभियानमा लागेका हौं,' डा. कार्कीले भने ।

रसुवा र नुवाकोटका कार्यक्रम लागू भएको गाउँमा युवा किशोर-किशोरी यौन शिक्षाबारे खुला छलफल गर्न थालेका छन् । 'हामीले हाम्रो समस्याबारे सचेत रूपमा कुरा नगरे कसले गर्छ ? भविष्यमा स्वास्थ्य र अन्य समस्याले पिरोलिनुभन्दा अहिले नै सजग हुन र पुराना अन्धविश्वास अन्त्य गर्न हामी युवाले चौतारीमा छलफल गर्ने गरेका छौँ,' ठूलोगाउँकी कविता गुरुङ भन्छिन् । स्थानीय गैरसरकारी संस्था मानेकोर सोसाइटीले दिएको तालिमपछि समुदायमा पाठेघर खस्ने समस्या, एचआईभी/एड्स, असुरक्षित यौनसम्पर्क, गर्भपतन, चाँडो विवाह गर्दा देखिने समस्याजस्ता कुराको समुदायमा हुने छलफलबाट स्वास्थ्य चेतना आएको छ । यसअघि रजस्वला नहुँदै बिहे गरे स्वर्ग पुग्ने मान्यता रहेको समुदायमा परिवर्तन हुँदै आएको धैबुङ गाविसकी शशि न्यौपानेले बताइन् ।

फिकुरी गाविसकी ८६ वर्षीया पदमकुमारी न्यौपानेको पनि सात वर्षकै उमेरमा विवाह भएको थियो । आफ्नो विवाहको धमिलो स्मृति कताकता भए पनि सबै कुरा भने उनी सम्झिन सक्दिनन् । 'पहिले घरमा विवाहको कुरा गरेपछि आफूले बोल्नै मिल्दैन थियो, तर अहिले त जमाना नै अर्कै भयो, महिला पढ्न थाले, बोल्न थाले, उनीहरूले आफू कमाउने भएपछि मात्रै विवाह गरे हुन्थ्यो जस्तो लाग्छ,' उनले भनिन् । नुवाकोटको गेर्खु, बागेश्वरी, कल्याणपुर, देउराली, फिकुरी गाविस र विदुर नगरपालिकामा किशोर-किशोरी जागरण कार्यक्रम सञ्चालनमा छ । किशोरावस्था, किशोरीको शारीरिक परिवर्तन, खतरापूर्ण र असुरक्षित यौन-व्यवहारको नियन्त्रणजस्ता कुरा कार्यक्रममा समेटिएका छन् ।

रसुवामा सञ्चालित युवा किशोर-किशोरी जागरण कार्यक्रमले ग्रामीण तहमा सकारात्मक प्रभाव पारेको जिल्ला जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत शम्भु काफ्लेले बताए । काफ्लेका अनुसार, जनचेतनामूलक कार्यक्रमले कम उमेरमा विवाह गर्ने परम्परागत मान्यता अन्त्य हुँदै गएको छ । यसले यौन तथा प्रजनन स्वास्थ्यमा सुधार ल्याएको छ ।

जनचेतनाको प्रभाव रसुवाको ठूलो गाउँ गाविसमा भने बेग्लै प्रकारको छ । ठूलो गाउँको भूमेस्थानमा बुद्धजयन्तीको दिन मेला लाग्छ । त्यसबेला धेरैले जात्रामा विवाह गर्छन् । पहिला-पहिला विवाह गर्नासाथ पढाइ छोडे पनि अहिले भूमेदेवी माविमा अध्ययनरत पाँच विवाहित विद्यार्थी जोडी नियमित विद्यालय गइरहेका छन् ।

उनीहरूले विद्यालय तहको अध्ययन नसकेसम्म गर्भवती नहुने योजना पनि बनाएका छन् ।

रसुवाको उत्तरी गत्लाङकी लालीमाया तामाङको १२ वर्षको उमेरमा विवाह भएको थियो । मानेकोर सोसाइटीको सहयोगमा उनले विद्यालय छाडेको चार वर्षपछि पुनः विद्यालय भर्ना भएर एसएलसी पास गरिन् । त्यस्तै थुमन, गत्लाङ, गोल्जुङलगायतका गाविसमा पनि कम उमेरमा विवाह हुने तामाङ समुदाय छन् । यो क्षेत्रमा परम्परागत सोच र चाँडो विवाहको असरबारे जानकारीको अभावका कारण अधिकांश अभिभावकले बालबालिकाको चाँडो विवाह गरिदिन्छन् । जसका कारण उनीहरूको पढाइ छुट्ने गरेको छ । नेपालको अन्तरिम संविधानले शिक्षा र स्वास्थ्यलाई मौलिक हकमा समेटेको छ । सरकारले शिक्षा र स्वास्थ्यलाई जतिसुकै प्राथमिकतामा राखे पनि त्यो अधिकारको पूर्ण रूपमा प्रत्याभूति गर्न सकेको देखिँदैन ।

*साभार : संचारिका फिचर सेवा*

*(हेमनाथ रसुवाका पत्रकार हुन् ।)*

# आयआर्जनमा बन्दी महिला

**कारागारमा परेका पुरुषका श्रीमतीहरू प्रायः आफ्ना श्रीमान् कहिले छुट्लान् भनी प्रतीक्षा गर्दै बेलाबेलामा भेट्न आए पनि महिला कैदीका श्रीमान्हरू भने श्रीमतीलाई पर्खिएर बस्ने गरेको या भेट्न आउने गरेको एकदमै कम देखिएको जेलमा कार्यरत कर्मचारीहरू बताउाछन् ।**

**✍ कालिका खड्का**

विगत ९ वर्षदेखि केन्द्रीय कारागारमा बस्दै आएकी कैदी ३२ वर्षीया पुष्पा हमालले भनिन्, 'लाऊँलाऊँ र खाऊँखाऊँ लाग्ने जीवनको सबैभन्दा महत्वपूर्ण समय जेलमा बित्यो ।' स्थायी घर सर्लाही भई काठमाडौंको कोटेश्वरमा कपडा सिलाउने टेलरबाट उनलाई ०६० सालमा लागूऔषध कारोबार गरेको अभियोगमा पक्राउ गरिएको हो । साधारण जीवन बिताउनका लागि उनले १५ वर्ष कारागारमा कैदीको रूपमा बसी पाँच लाख धरौटीसमेत बुझाउनुपर्नेछ । 'टेलर चलाएर बसेकी थिएँ, कसले एउटा झोलामा टेलरभित्र आलूऔषध राखेको रै'छ,' आफूले लागूऔषध कारोबार नगरेको दाबी गर्दै उनले भनिन्, 'मलाई थाहै थिएन, प्रहरीले प्रक्राउ गरेपछि मात्र लागूऔषध कारोबारमा पक्राउ परेको भन्ने थाहा भयो ।'

जेलमै भए पनि उनको जीवन त्यत्तिकै बितेको छैन, उनी महिला बन्दी विकास प्राविकी प्रमुखका रूपमा काम गरिरहेकी छिन् । बन्दी महिलालाई पढाउने एउटा स्थायी दरबन्दी भएको कोटामा उनले ०६१ मङ्सिर १८ गतेदेखि स्थायी शिक्षकको रूपमा बन्दी महिलालाई पढाउन थालेकी हुन् । एसएलसी मात्र पढेकी उनले कारागारमै बसेर स्वअध्ययनबाट बीएडसम्मको पढाइ पूरा गरी अहिले एमएड पढ्ने तयारीमा छिन् । पढ्ने-पढाउने मात्र होइन उनी डिजाइनरसमेत हुन् । उनी विभिन्न डिजाइनका कपडा तयार गर्छिन् । कारागारका महिलालाई सिलाइबुनाइ तालिम पनि दिन्छिन् । पक्राउ पर्दा उनी गर्भवती थिइन्, अहिले उनको आठ वर्षको छोरा छ । उनी छोरालाई आफूले कमाएको पैसाले अङ्ग्रेजी स्कुलमा पढाउँदै छिन् । जीवनलाई सङ्घर्षको रूपमा लिएकी उनी आफू बिनागल्ती जेल परेको दाबी गर्छिन् ।

'जेलमा बस्दा सबैभन्दा बढी चाडपर्वको बेलामा दुःख लाग्छ,' भावुक स्वरले उनले भनिन्,

'चाडपर्वमा सबैका आफन्त भेट्न आउँछन्, छोराले जाऊँ न ममी, तपाईंलाई कहिल्यै होस्टेलबाट बिदा मिल्दैन भन्छ, त्यो बेला साह्रै मन रुन्छ।' आफू सक्षम भएकाले आफ्नो जीवन जहाँ भए पनि चलाउन सक्ने आँट छ उनमा। भन्छिन्, 'जेल नपरेकी भए मेरो संसार अर्कै हुने थियो होला, तर जेलमै बसेर पनि केही गरिरहेकी छु, छुटेपछि आफ्नो सीपलाई अझ फराकिलो बनाउने इच्छा छ।'

पुष्पाजस्तै लामो समय जेलजीवन बिताएकी छिन् ५० वर्षीया आशाकुमारी तामाङले पनि। स्थायी घर लम्जुङ भएकी उनी पनि लागूऔषध कारोबारकै अभियोगमा काठमाडौंको भोटेबहालमा रहेको उनको होटेलबाट पक्राउ परेकी हुन्। १२ वर्षदेखि जेलजीवन बिताइरहेकी उनले अझै तीन वर्ष जेल बस्नुपर्नेछ। पाँच लाख धरौटी बुझाउने पैसा नभएपछि उनले थप चार वर्ष जेलमा बसेर आफ्नो सजाय पूरा गर्ने सोच बनाएकी छिन्। उनको दाबी पनि अरूले फसाएको भन्ने नै छ। 'होटलमा खाना खान आउने मानिसले आगूऔषधको झोला छोडिदिएछन्, प्रहरीले छापा मार्दा फेला पाऱ्यो, म जेल परेँ,' आँखाभरि आँसु पार्दै उनले भनिन्, 'बिनाकारण म जेलमा परेर मेरो जिन्दगी बर्बाद भयो।' 'उमेर गइसक्यो, जीवनको सबै सपना त्यत्तिकै मरे,' उनले भनिन्, 'सबै भताभुङ्ग भइसक्यो, कहिले छुट्ने अनि के गर्ने, म त अब केही सोच्नै नसक्ने अवस्थामा छु।'

'म जेल पर्दा ९० जनाजति महिला थिए, अहिलेजस्तो जेलमा सुविधा थिएन,' जेलजीवन बिताएका सुरुका दिन स्मरण गर्दै उनले भनिन्, 'पहिलाको भन्दा अहिले त बस्न-खान सुविधा छ।' जिन्दगी सोचेजस्तो हुँदो रैन'छ, सुन्दर परिवारको सपना ओइलाइसक्यो, जे हुनु भइगयो, जे पर्ला त्यसै सहुँला उनले आफ्नो मन यसरी नै बुझाउने गरेकी छिन्। दुई छोरी र एक छोराकी आमा उनले आफ्ना तीन सन्तानलाई बन्दी बालबालिकालाई सहयोग गर्ने विभिन्न सङ्घसंस्थामा पढाइरहेकी छिन्। महिला बन्दीकी प्रमुख (चौकीदार) समेत रहेकी उनले केन्द्रीय जेलमा रहेका सबै महिलालाई हेरविचार गर्नुपर्छ। 'अलि उमेर पुगेका महिला भनेको मान्छन्, भर्खरका केटीहरू मान्दैनन्, कोही दिनभरि केही नगरी बस्छन्, कोही पढ्छन्, कोही सीप गर्छन्,' उनले कैदी चौकीदारको रूपमा काम गर्दाको अनुभव सुनाइन्।

५० प्रतिशत अपराध गरेर जेल परे पनि ५० प्रतिशत विभिन्न कारणले पक्राउ पर्ने गरेको उनको अनुमान छ। कैदी पनि मानिस नै भएकाले उनीहरूको सेवा-सुविधामा समेत वृद्धि गर्नुपर्ने उनको माग छ। केन्द्रीय कारागारका प्रमुख (जेलर) तीर्थ भट्टराईका अनुसार, कैदी बन्दीलाई दैनिक सात सय ग्राम चामल र रु. ४५ दिने व्यवस्था छ भने नाबालक साथमा भएमा थप दुई सय ग्राम चामल र रु. २५ दिने व्यवस्था गरिएको छ। कारागार कानुनअनुसार यो व्यवस्था मुलुकका सबै कारागारमा लागू हुन्छ। अन्य जिल्लाका कारागारका तुलनामा केन्द्रीय कारागारमा कैदीका लागि राम्रो व्यवस्था छ। पढ्नका लागि महिला बन्दी विकास प्रावि, बन्दी विकास निमावि र जगन्नाथ मावि गरी तीनवटा विद्यालय छन्। शिक्षाको सुविधा भए पनि महिला कारागारमा खानेपानीको समस्या छ। पुरुष कारागारको तुलनामा महिला कारागारको ठाउँ सानो छ। कारागारको क्षमताभन्दा बढी कैदी महिला रहेका छन्।

केन्द्रीय कारागारमा रहेका महिलाले महँगी बढेकाले रु. ४५ र सात सय ग्राम चामलले आफूलाई छाक टार्न निकै गाह्रो भएको गुनासो गरे। उनीहरूले आफूहरूमाथि पुरुष कैदीभन्दा विभेद भएको बताए। त्यो विभेद स्वयम् कारागारमा र घरपरिवारबाट समेत छ। कारागारमा परेका पुरुषका श्रीमतीहरू प्रायः आफ्ना श्रीमान् कहिले छुट्लान् भनी प्रतीक्षा गर्दै बेलाबेलामा भेट्न आए पनि महिला कैदीका श्रीमान्हरू भने श्रीमतीलाई पर्खिएर बस्ने गरेको या भेट्न आउने गरेको एकदमै कम देखिएको जेलमा कार्यरत कर्मचारीहरू बताउँछन्।

केन्द्रीय कारागारमा बसेर चारजना महिलाले मास्टर्स डिग्री अध्ययन गरिरहेका छन्। जेल परेपछि आफ्नो श्रीमान् र परिवारबाट खासै सहयोग नपाएपछि महिलाले आफ्ना सन्तानलाई आफ्नो सीपले बुनेर/सिलाएका कपडाहरू, टोपी, रुमाल, पोतेलगायतका सामानहरू बेचेर राम्रै स्कुलमा पढाइरहेका छन् भने कतिले बन्दी सहायता सङ्घसंस्थामा पढाइरहेका छन्। त्यसमध्ये केही महिलाले आफ्नो सीपबाट आर्जन गरेको पैसा घरपरिवारका लागि समेत पठाउने गरेका छन्।

कारागार विभाग डिल्लीबजारको तथ्याङ्कअनुसार देशभरका कैदी बन्दीको कुल सङ्ख्या १२ हजार ६ सय ५८ रहेकोमा महिलाको सङ्ख्या नौ सय एक छ। केन्द्रीय कारागार र भद्र कारागारमा गरी जम्मा दुई हजार १३ जना कैदी रहेका छन्। त्यसमध्ये दुई सय ३८ जना महिला छन्, तीमध्ये पनि १६ जना विदेशी छन्। फ्रान्स, फिलिफिन्स, पाकिस्तान, भारतलगायतका विदेशी नागरिक जेलमा छन्। यस्तै, आठजना नाबालक छन्।

विभिन्न अभियोग लागेर कारागारमा रहेका १० वर्षदेखि ७० वर्षसम्मका ती महिलामध्ये सबैभन्दा बढी लागूऔषध कारोबार गर्ने ८६ जना छन्। यस्तै, ज्यान मार्ने अभियोगमा ६० जना, जीउ मास्ने/बेच्नेमा ३६ जना, ठगी १६ जना र अरू अन्य विविध कारणले कारागारमा परेका छन्। कारागारमा भएकामध्ये धेरैको दाबी आफू सोझो भएकाले अरूबाट फसाइएको भन्ने छ। अपराध महिला र पुरुष जोबाट भएको भए पनि अपराध नै हो, तर जेलको दुनियाँमा बसेर पनि महिलाले टोपी, रुमाल, ओढ्ने आदि बुन्दै आफ्ना बालबच्चा पढाइरहेका र जेलबाटै घर-व्यवहार धानिरहेका छन्। उनीहरूको सीपले राम्रो बजार पाएमा तिनको आयआर्जनमा थप टेवा पुग्ने विश्वास गर्न सकिन्छ।

*साभार : संचारिका फिचर सेवा*

*(कालिका राष्ट्रिय समाचार समितिमा कार्यरत पत्रकार हुन्)*

# आत्म निर्भरताको कुरा

**शान्ताजस्ता कैयौं महिलाको आत्मविश्वास बढेको मात्र छैन, महिलामाथि हुने घरेलु हिंसामा समेत कमी आएको छ, साथै उनीहरू व्यवसायमा स्थापित हुन सकेका छन्। यो महिला सशक्तीकरणको मात्रै नभएर मुलुकको आर्थिक विकाससाग जोडिएको कुरा पनि हो।**

**✍ कृष्णा पौडेल**

खोटाङकी सानुमाया राई घरमै बसेर ढाका बुन्छिन्। उनले बुनेको ढाकाको टोपी र चौबन्दी चोलो लगाउनेको सङ्ख्या जिल्लामा ठूलो छ। उनलाई आफूले बुनेका सामग्रीले अन्य जिल्ला, राजधानी काठमाडौं र विदेशमा समेत भाउ पाउन सक्छ भन्ने थाहा छैन। भन्छिन्, ‘त्यस्तो भए त जागिर खोज्दै मानिस विदेशिनुपर्ने नै थिएन नि।’ अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आईएलओ) को परिभाषाअनुरूप उनी गृहश्रमिक हुन्। घरमै बसेर आयआर्जनको काम गर्ने महिलालाई गृहश्रमिक महिला भनिन्छ। तर, सानुमाया र उनीजस्तै घरमा बसेर काम गरी आयआर्जन गर्ने धेरै महिलालाई आफू गृहश्रमिक हुँ भन्ने कुरा थाहा छैन। आफ्नो सीपले घर चलाइरहेका त्यस्ता धेरै महिलाका लागि काम गर्ने सङ्घसंस्था छन् भन्ने कुराबाट पनि ती अनभिज्ञ नै छन्। यसको मुख्य कारण सदियौंदेखि महिलाको कामको मूल्याङ्कन नहुनु नै हो।

ललितपुरको बुङमतिकी शान्ता (वर्ष ५२) पनि गृहश्रमिक हुन्। श्रमिकबाट प्रशिक्षक बनिसकेकीले शान्ताको दिनचर्या पहिलाभन्दा अलि फरक छ। सुरुसुरुमा सिकारूहरूलाई हात समातेर बुन्न र सिलाउन सिकाउने गरेकी शान्ता अहिले विभिन्न किसिमका औजार र उपकरणको सहायताले प्रशिक्षणमा सहजता आएको बताउँछिन्। सिलाइ र बुनाइमा लगभग तीन दशक बिताएकी शान्ता अहिले झन्डै ६ सयभन्दा बढीकी ‘प्रशिक्षक म्याम’ बन्दा गर्व महसुस गर्छिन्। यद्यपि शान्ताको व्यावसायिक सफलता, बाहिरी मान-सम्मान तथा पारिवारिक वातावरण र स्थिति भने बिल्कुलै भिन्न छ। व्यावसायिक सफलता हासिल गरेका अत्यन्तै न्यून महिला मात्रै पारिवारिक रूपमा खुसी हुन्छन् वा देखिने गरेका छन् भन्ने भनाइ शान्तामा पनि लागू भएको छ। श्रीमान्‌ले आफूलाई विवाह गर्नुअघि नै अर्को विवाह गरेको, छोराछोरी पनि भइसकेको र परिवार नियोजन पनि गरिसकेको

कुरा निकै पछाडि थाहा पाएपछि व्यक्तिगत जीवनमा खुसी भन्ने कुरा उनका निम्ति रित्तिएझैं भएको थियो । भनिन्, 'त्यस्तो थाहा पाएको भए म सौतामाथि जाने मान्छे कहाँ थिएँ र ?' बहुविवाहकी विरोधी उनी आफैं त्यो खाडलमा परेकी थिइन् ।

सानै छँदा सिकेको सिलाइबुनाइले उनको पढाइलाई उच्चतामा पुऱ्याउन नसके पनि अहिले जीवन धान्न भने मद्दत गरिरहेको छ । एसएलसी पास भएपछि घरेलु विभागबाट दुई वर्षको सिलाइ तालिम लिएकी उनले कुरुससँगै सिलाइलाई पनि निरन्तरता दिएकी थिइन् । 'टोपी, स्वेटर, मोजा, सल बुन्थें, टोपीको २०, सलको २५, स्वेटरको दुई सय ज्याला थियो, मोजाको त झनै थोरै ज्याला हुन्थ्यो,' उनी भन्छिन् ।

सार्क विजनेस एसोसिएसन अफ होम बेस्ट वर्कर सवामा प्रवेश गरेपछि उनको व्यावसायिक जीवनमा ठूलो परिवर्तन आयो । मूलतः उनको कमाइ राम्रो हुन थाल्यो । काम गर्दागर्दै प्रशिक्षक बनेकी उनी अहिले सवामा कार्यरत छिन् । 'जिन्दगीमा केही राम्रो गर्न सकिनँ जस्तो लाग्थ्यो, आफैंसँग हीनताबोध थियो,' शान्ता भन्छिन्, 'यहाँ आएपछि बल्ल म गृहश्रमिक हुँ भनेर आफूले आफैंलाई चिने ।'

सवाले आफ्नो आत्मविश्वास बढाएको र अरूबाट मान-सम्मान पाएको अनुभव छ शान्तासँग । सवाले गृहश्रमिक महिलाको सीपलाई बजारको व्यवस्था मात्र गरिदिएको छैन, उनीहरू आफैं त्यहाँका सेयरहोल्डर पनि हुन् । सवामा केही गृहश्रमिक महिलाले आफूले उत्पादन गरेको सामानको प्रतिगोटाका हिसाबले पैसा पाइरहेका छन् भने कतिचाहिँ दैनिक ज्याला लिएर पनि काम गरिरहेका छन् । सवाका सीईओ रविन अमात्यका अनुसार, गृहश्रमिकको सङ्गठन सवाले गृहश्रमिक महिलालाई ४५ दिनको तालिम उपलब्ध गराउँदै आएको छ । गृहश्रमिक महिलाका लागि स्वदेशमा मात्र नभएर अन्य सार्क मुलुकमा पनि तालिममा पठाउने गरिएको छ ।

कीर्तिपुर पाँगाकी निरू महर्जन (वर्ष ३१), ललितपुर ज्वागल कुपण्डोलकी कल्पना तुलाधर ( वर्ष ५०) लगायत धेरै महिलासँग सवामा आबद्ध भएपछि आयआर्जन गर्न नसक्ने भनी आफूमाथि हुँदै आएको पारिवारिक भेदभावबाट मुक्ति पाएको अनुभव छ । कल्पना मोबाइल ब्याग, स्वेटर, कुरुसको काम, टी-सर्टमा लेस राख्नेलगायतका काम गर्छिन् । भनिन्, 'विभिन्न स्थानमा हस्तनिर्मित सामग्रीको मेला, प्रदर्शनी आयोजना हुँदा सहभागी हुन पाएका छौं, घरभित्र काममा मात्र सीमित नभएर बाहिर निस्कन पाएका छौं, त्यसले गर्दा बाहिरको वातावरणसँग सजिलै घुलमिल हुन सकिएको छ । सबैभन्दा ठूलो कुरा त हाम्रो कामको मूल्याङ्कन भएको छ । परिश्रमअनुसारको आयआर्जन भएको छ ।'

खोकनाकी तुलसी डङ्गोल (वर्ष २४) को विचार भने अलि भिन्न छ । नपढेका महिला मात्रै नभई धेरै पढेर पनि बेरोजगार भई घरमै बसेकाले पनि सवामा आबद्ध भई काम गर्न पाउनुपर्ने उनको धारणा छ । कक्षा १२ मा अध्ययनरत तुलसीले इम्ब्राइडरी काम गर्न सुरु गर्दा परिवारका सबै सदस्य दङ्ग र खुसी छन् । मुलुकमा शैक्षिक बेरोजगारी बढ्दै जाँदा अब पढे-लेखेकाले टेबुलवर्क मात्रै गर्नुपर्छ भन्ने मान्यता हट्नुपर्ने उनको धारणा छ । आफूसँग सीप र इच्छाशक्ति छ भने कुनै पनि क्षेत्रमा सफल हुन सकिन्छ भन्ने आत्मविश्वास सवाले जगाइदिएको पनि तुलसीले बताइन् ।

सवा महिला सशक्तीकरण तथा गरिबी निवारणका लागि सञ्चालित कार्यक्रम हो । महिला गृहश्रमिकबाट सवाले ढाका, अल्लोलगायतका कपडा, कुसन, बेडकभर, पर्दा, कुर्था, पाइन्ट, ब्याग, मोबाइल कभरलगायत उत्पादन गर्दै आएको छ । नेपालमै उत्पादित ढाका र सुतीका कपडा इम्ब्राइडरीका लागि प्रयोग गर्ने गरिए पनि नपुगेका कारण विदेशी कपडा पनि प्रयोग गर्नुपरेको सवाकी डिजाइनर शोभा नापितले बताइन् । प्रायः सबै हातको काम हुने भएकाले सिलाउनेबाहेक मेसिनबाट खासै काम नहुने पनि उनले जानकारी दिइन् । सिलाइका लागि १६ वटा ठूला र त्यति नै सङ्ख्यामा साना मेसिन छन् भने २० कर्मचारी कार्यरत छन् । सवा सार्क विकास कोषको लगानीमा तथा होमनेट साउथ एसिया र भारतको अहमदावादस्थित सेवा भारतको सहयोगमा सञ्चालित कार्यक्रम हो । सवाले गृहश्रमिक (घरमै बसेर काम गर्ने महिला) ले उत्पादन गरेका सामग्रीको बजार प्रवर्द्धन तथा व्यवस्थापन गर्नुका साथै सीप विकासका लागि तालिम पनि दिँदै आएको छ । सवाका सदस्यहरू आफैं गृहश्रमिक र सेयर सदस्य पनि हुने भएकाले यसले आर्थिक रूपमा पनि महिलालाई सक्षम बनाएको गृहश्रमिक महिलाहरू बताउँछन् ।

नेपालमा सन् २००९ बाट सुरु भएको सवामा अहिले सात सयभन्दा बढी सदस्य छन् । सवाका अध्यक्ष दिवाकर चन्दका अनुसार, सन् २०१४ सम्ममा थप दुई हजार महिलालाई सीप एवम् तालिम दिने र तिनले उत्पादन गरेका सामग्रीको बजार व्यवस्थापन गर्ने उद्देश्य सवाको छ । सवाका कारण अहिले सात सयभन्दा बढी महिला आर्थिक रूपमा सक्षम भएका छन् भने शान्ताजस्ता कैयौँ महिलाको आत्मविश्वास बढेको मात्र छैन, महिलामाथि हुने घरेलु हिंसामा समेत कमी आएको छ, साथै उनीहरू व्यवसायमा स्थापित हुन सकेका छन् । यो महिला सशक्तीकरणको मात्रै नभएर मुलुकको आर्थिक विकाससँग जोडिएको कुरा पनि हो । त्यसैले ग्रामीण क्षेत्रका महिलालाई आत्मनिर्भर बनाउनका लागि पनि सवाले सेवा विस्तार गर्नु जरुरी छ ।

*साभार : संचारिका फिचर सेवा*

*(कृष्णा रेडियो कान्तिपुरमा कार्यरत पत्रकार हुन् ।)*

# विस्थापित हुँदै छन् नेतृहरु

**'पहिला पार्टीलाई नै सहारा ठानी जीवनका महत्वपूर्ण समय गुजाऱ्यौ, आखिर आफ्ना लागि आफैंले गर्नुपर्ने रहेछ, अहिले विगतलाई सम्झिँदा त्यसै समय बर्बाद गरियो जस्तो लाग्छ,' उनीहरू भन्छन् । पार्टीलाई चाहिदा आफूले ज्यान नै जोखिममा राखेर काम गरे पनि आफूलाई चाहिदा पार्टी आफ्नो हुन नसकेको उनीहरूको अनुभव छ ।**

**✍ सुरेन्द्र सुवेदी**

मुलुकमा गणतन्त्र स्थापना, समतामूलक समाजको सिर्जना र अग्रगामी परिवर्तनको लक्ष्य लिएर लामो समय नेकपा माओवादीको जिम्मेवारी बहन गरेकी नेतृ विमला न्यौपाने (विजेता) जिल्लाबाट पलायन भएकी छिन् । नेकपा (एकीकृत माओवादी) को संखुवासभा जिल्ला कमिटी सदस्य भएर जिम्मेवारी वहन गरेकी उनी अहिले राजधानीको केन्द्र भृकुटीमण्डपमा नाङ्लो पसलमा फलफूल बिक्री गर्छिन् । पार्टीको इमानदार कार्यकर्ताको रूपमा चिनिएकी विजेता एकाएक पार्टीको जिम्मेवारी छोडेर खुद्रा व्यापारतर्फ होमिएकी हुन् । यसले राजनीतिमा लागेका महिलामा गुजाराको समस्या सङ्केत गर्छ । उनीसँगै युद्धमा हिँडेका पुरुष 'कमरेड'हरु जीवन धान्नकै लागि त्यसरी सङ्घर्ष गर्नुपर्ने अवस्थामा छैनन् ।

संखुवासभाको स्यावुन- १ स्थायी घर भएकी विजेता (२७) माओवादी जनयुद्ध चरम सीमामा पुगेको समयमा स्यावुन, जलजला र वाना गाविसको नेतृत्व गर्थिन् । बिहान उठेदेखि दिनभर पार्टी सङ्गठन विस्तार र स्थानीय समस्या समाधानमा समय खर्चने उनी पार्टीमा जे-जस्तो योगदान गरे पनि आफूलाई गुजारा टार्न गाह्रो भएपछि जिल्ला छोड्दै राजधानी पसेकी हुन् । राजधानीको भृकुटीमण्डपमा नाङ्लो पसल भनिने फलफूलको स्टल राखेबापत समाज कल्याण परिषद्लाई उनी मासिक हजार रुपैयाँ भाडा तिर्छिन् ।

छिमेकी वाना गाविस- २ कि तारा थापा (३५) विजेताकी साझेदार साथी हुन् ।

थापा पनि नेकपा एमाओवादीकी जिल्ला कमिटी सदस्य हुन्। उनी पनि दिगो आयआर्जन र गुजाराका लागि पार्टीको जिम्मेवारी छोडेर राजधानी पसिन्। विवाहित ताराको माइती भोजपुर, देउराली-९ फालिकोट हो, वाना- २ का गणेश थापासँग विवाह भएको थियो। पति, सासू र परिवारका अन्य सदस्यले घरनिकाला गरेपछि उनी माओवादीमा प्रवेश गरेकी थिइन्। ताराकी १५ वर्षीया छोरी साथमै छिन्। उनी राजधानीकै सरकारी विद्यालयमा पढ्छिन्।

विजेताको संखुवासभाकै धुपु- ६ का रमेश भट्टराईसँग ०५७ मा विवाह भयो। विवाहपछि रमेश विदेशिए। विदेशिएका पतिले आफूहरू सँगसँगै रहन नसक्ने भन्दै खबर पठाएपछि विजेताले विकल्प खोजिन्। बेरोजगार आफूलाई पतिले बेवास्ता गरेपछि उनी एमाओवादी पार्टीमा संलग्न भएकी थिइन्। अहिले विजेता दैनिक बिहान फलफूल तथा तरकारी बजार कालिमाटी पुग्छिन्। त्यहाँ काँक्रो, मेवा, स्याउ, केरा, भुइँकटहर, खरबुजा खरिद गर्दै ट्याक्सीमा लिएर भृकुटीमण्डप आउँछिन्। ९ बजे भृकुटीमण्डप आएपछि पसलमा सामान मिलाउँदै बिक्री सुरु गर्छिन्। दैनिक पाँच हजार रुपैयाँसम्मका सामान बिक्री गर्ने गरेको विजेताले बताइन्।

तारा भने १० बजे खाना खाएर भृकुटीमण्डप पुग्छिन् र विजेतालाई खाना खान पालो दिन्छिन्। उनीहरू दिनभर भृकुटीमण्डपमा फलफूल बिक्री गरेर साँझ ६ बजेतिर कोठा फर्कन्छन्। यही क्रमले उनीहरूले दैनिक एक हजार रुपैयाँको हाराहारीमा नगद बचत गर्दै आएका छन्।

संखुवासभामा एमाओवादीका ८२ जना पूर्णकालीन कार्यकर्ता छन्। ती कार्यकर्तालाई मासिक दुई लाख ५० हजार रुपैयाँ खानपिनमा खर्च हुन्छ। खर्चको आधारमा आयस्रोत नभएपछि करिब ६० लाख रुपैयाँ ऋण लागेको एमाओवादीले जनाएको छ। पार्टीमा लागिरहँदा भविष्यमा के गर्ने ? आयस्रोत के हुने ? जस्ता प्रश्नले पिरोल्न थालेपछि एकीकृत माओवादीका नेतादेखि कार्यकर्तासम्म धमाधम पलायन भइरहेका छन्। विजेता र ताराजस्तै दुई दर्जनभन्दा बढी महिला राजनीतिकर्मी पलायन भइसकेका छन्। विजेता र ताराका अनुसार कुरै नबुझी तथा हललहैमा लागेर माओवादी बनेका महिला छापामारदेखि नेतासम्म कोही विवाह गरेर घरजम गर्ने त कोही रोजगारीतर्फ लागेका छन्। पार्टीमा रहँदा खान, लाउन र बस्नमा सीमित भएका उनीहरू विकल्पमा सानातिना पसल गरेर आफैं मालिक भएका छन्।

संखुवासभाकै प्रेरणा र दीपिका लगायतका सक्रिय भनेर चिनिएका माओवादी नेतृहरुले विवाह गरिसकेका छन्। पार्टीमा रहेर दिगो भविष्य नदेखेपछि उनीहरू विकल्पमा घरजम, पसल गर्नेदेखि रोजगारीका लागि विदेशसम्म पुगेका छन्। एमाओवादी संखुवासभाको एक सय ४३ सदस्यीय जिल्ला कमिटीमा १२ जना विस्थापित भइसकेका छन्। विस्थापनको मुख्य कारण पार्टीमा असुरक्षित भविष्य नै हो। 'जति काम गरे पनि मूल्याङ्कन नै भएन,' उनीहरूको भनाइ छ। कुनै बेलाका जल्दाबल्दा पार्टी नेतृहरूमा अहिले वैदेशिक रोजगारीप्रतिको आकर्षण पनि बढेको छ, लडाकु तथा पूर्वलडाकुहरूमा पनि यो लहर त्यत्तिकै छ। २७ वटा शिविरमा रहेका लडाकुमध्ये इलामको चुलाचुली र मोरङको दानाबारीबाट अधिक सङ्ख्यामा विदेश गइरहेका छन्।

युवाहरूलाई क्याम्पभित्र राखिरहने राजनीतिले काम गरेका र जनसेनालाई भुलाउनमात्र प्रयास भएकोले आफू वैदेशिक रोजगारीका लागि विदेश हानिएको प्लाटुन

सहायक कमान्डर पासाङ शेर्पाले बताइन् । शेर्पा भन्छिन्, 'क्यान्टोनमेन्टमा रहेका जनसेनाको मनोबल गिर्दो छ, छोटो समयमा समायोजन नभए बाँकी भाग्दै घर र विदेश पुग्न सक्छन् ।' जलजला गाविसकै सन्तोष तामाङ क्यान्टोनमेन्टमै विवाह गरेर घर फर्किएका छन् । दानाबारी शिविरमै रहेकी महिला छापामारसित विवाह गरेर उनी घर फर्किएका हुन् । घरजम गर्न ढिलो भएको र क्याम्पमा बसेर के नै प्रगति हुन्छ ? भन्दै आफूहरू विवाह गरेर घर फर्केको उनीहरूको भनाइ छ ।

घर फर्किएका र विदेश हानिएका माओवादी लडाकुहरूका अनुसार अन्तिम प्रमाणीकरणमा योग्य ठानिएका करिब १९ हजार लडाकुमध्ये २५ प्रतिशत शिविर छोडेर हिँडिसकेका छन् । २१ स्थायी र सात अस्थायी शिविरमध्ये प्रायः अधिकांशबाट लडाकुहरू पलायन हुनेक्रम बढेको शिविर छोडेर घर फर्केकाहरूको भनाइ छ । पलायन भएकामध्ये झन्डै दुई हजार महिला छापामार रहेका छन् ।

पार्टीमा कामकै दौरान पुरुष छापामारसँग प्रेम गर्दै विवाह गरेका महिला छापामार तथा अन्य नेतृहरू पछिल्लो समय समस्यामा छन् । बच्चा जन्मेपछि हेरचाह गर्न, पार्टी काममा हिँड्दा बच्चालाई साथै लानुपर्दा दूध, जाउलोलगायतका पोषिला खानेकुरा खुवाउन आर्थिक समस्याले उनीहरू पिरोलिन थालेका छन् । जसको कारण महिला कार्यकर्ता तथा अन्य छापामार पार्टी त्याग्दै घरमै बस्न थालेको पाइन्छ । राजनीतिक निकासमा यसैगरी ढिलाइ भइरहेमा गाउँ तहसम्म रहेका माओवादीका महिला नेता तथा कार्यकर्ता थप पलायन हुने पूर्वनेतृ ताराको भनाइ छ ।

मुलुक परिवर्तनको सपना बोकेर युवा अवस्थामै पार्टीमा लागेका महिला अहिले उमेर ढल्किसक्दा पनि मुलुक त के गाउँमा समेत कुनै परिवर्तन आउन नसकेपछि अलमलमा परेका छन् । 'पहिला पार्टीलाई नै सहारा ठानी जीवनका महत्वपूर्ण समय गुजार्‍यौं, आखिर अन्त्यमा आफ्ना लागि आफैंले गर्नुपर्ने रहेछ, अहिले विगतलाई सम्झिँदा त्यसै समय बर्बाद गरियो जस्तो लाग्छ,' उनीहरू भन्छन् । पार्टीलाई चाहिँदा आफूले ज्यान नै जोखिममा राखेर काम गरे पनि आफूलाई चाहिँदा पार्टी आफ्नो हुन नसकेको उनीहरूको अनुभव छ ।

*साभार : संचारिका फिचर सेवा*

*(सुरेन्द्र संखुवासभास्थित पत्रकार हुन् ।)*

## फिचर लेखका लागि अनुरोध

सञ्चारिका समूहले लैङ्गिक हिंसाविरुद्धको अभियानअन्तर्गत फिचर सेवा प्रारम्भ गरेको छ । प्रत्येक महिना प्रकाशित हुने फिचर सेवामा महिलामाथि हुने गरेका विविध हिंसामा आधारित पाँचवटा फिचर लेख समावेश हुनेछन् । फिचर सेवाका लागि नौदेखि ११ सय शब्दसम्मको फिचर लेख पठाउनका लागि फिचर लेखकहरूमा अनुरोध गरिन्छ । प्रकाशित गर्न उपयुक्त ठानिएको फिचरका लागि पारिश्रमिकस्वरूप रु. ३,०००/- (तीन हजार) प्रदान गरिनेछ । प्राप्त फिचर प्रकाशित गर्ने वा नगर्ने अधिकार सञ्चारिका समूहमा निहित रहनेछ ।

यो फिचर सेवा मुलुकभरिबाट प्रकाशित हुने सबै पत्रपत्रिकालाई निःशुल्क उपलब्ध गराइनेछ । फिचर प्राप्त नभएको भए जानकारीका लागि समूहको केन्द्रीय कार्यालय काठमाडौंमा इमेल या टेलिफोनमार्फत खबर गरिदिनुहुन विभिन्न जिल्लास्थित पत्रपत्रिकाका सम्पादक तथा प्रकाशकज्यूहरूलाई अनुरोध गर्दछौं । यो फिचर सेवा एफएम स्टेसनहरूका लागि पनि उपयोगी हुने विश्वास हामीले लिएका छौं । फिचर उपयोग गर्न चाहने एफएम स्टेसनहरूलाई पनि सम्पर्कका लागि अनुरोध गर्दछौं । फिचर प्रकाशित/प्रसारित गर्दा 'साभार : सञ्चारिका समूह' भनी उल्लेख गरिदिनुहुन आग्रह गर्दछौं ।

**युएनएफपीएको सहयोगमा संचारिका समूहद्वारा प्रकाशित**

**सम्पर्क ठेगाना**
सञ्चारिका समूह, एकान्तकुना, भनिमण्डल, ललितपुर
पोष्ट बक्स नं : १३२९३, काठमाडौं
फोन नं : ५५५११८२, ५०००५१९
इमेल : sancharika@wlink.com.np
वेभ साइड : www.sancharika.org

**संयोजन/सम्पादन**
**बबिता बस्नेत**